पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन २५ गते आइतबार ❑ 9 March. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## सुशासन प्रवर्द्धन सरकारको पहिलो प्राथमिकतामा: सञ्चारमन्त्री गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २४ फागुन

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सुशासन प्रवर्द्धनसँगै सार्वजनिक सेवाको प्रभावकारिता सरकारको पहिलो प्राथमिकतामा रहेको बताउनुभएको छ।




लायन्स इन्टरनेसनल डिष्ट्रिक ३२५ आईको तेस्रो राष्ट्रिय सम्मेलनको शनिबार पोखरामा उद्घाटन गर्दै उहाँले सुशासन प्रवर्द्धन र सावर्जनिक सेवा प्रवाहको प्रभावकारिताका लागि सरकारले अध्यादेशमार्फत छवटा कानुन ल्याएको जानकारी दिनुभयो। भूमिसम्बन्धी अध्यादेश छलफलका क्रममा रहेको बताउँदै उहाँले अन्य अध्यादेश पारित भइसकेका उल्लेख गर्नुभयो।

सेवा प्रवाहलाई छिटोछरितो बनाउन कतिपय कानुनहरू समस्याका रूपमा रहेका जनाउँदै मन्त्री गुरुङले ती समस्याको समाधानका लागि विभिन्न १२ वटा कानुन ल्याउने तयारीमा सरकार लागेको उल्लेख गर्नुभयो। कतिपय कामका सिलसिलामा विभिन्न मन्त्रालयमा समस्या रहेका पाइएको भन्दै उहाँले सम्बन्धित मन्त्रालयसँग समन्वय गर्दै अघि बढ्नुपर्ने धारणा राख्नुभयो। सञ्चारमन्त्री गुरुङले २४० वर्षदेखिको सामन्तवादलाई अन्त्य गर्दै हामी लोकतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरिसकेका जनाउँदै वर्तमान अवस्थामा राजकीय सत्ता एवं सार्वभौमसत्ता जनतामा निहित रहेको बताउनुभयो। हालको राजनीतिक प्रणालीलाई थप सुधार गर्दै अघि बढ्नु आवश्यक भएको उहाँको भनाइ छ। लायन्सका माध्यमबाट सामाजिक सेवाका क्षेत्रमा भएका कामको प्रशंसा व्यक्त गर्दै उहाँले नेतृत्व विकासमा पनि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो। सामाजिक नेतृत्वबाट राजनीतिक नेतृत्व बन्न सक्ने बताउँदै मन्त्री गुरुङले समाजिक नेतृत्व बलियो नबन्दासम्म लोकतन्त्र तथा राज्य बलियो बन्न नसक्ने धारणा राख्नुभयो। लायन्स इन्टर नेसनल डिष्ट्रिक ३२५ आईका डिष्ट्रिक गभर्नर विनोद ढुङ्गानाले डिष्ट्रिकअन्तर्गतका लायन्स क्लबहरूले सामाजिक एवं मानवीय सेवाका क्षेत्रमा देखाएको क्रियाशीलता प्रशंसनीय भएको बताउनुभयो। उक्त अवसरमा लायन्सका गतिविधिमा महत्वपूर्ण योगदान गर्ने व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो।

## अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा पोखरामा प्रभातफेरी कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २४ फागुन




११५ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा अन्तर्राष्ट्रिय महिला दिवस मूल समारोह समिति गण्डकी प्रदेश पोखराको आयोजनामा प्रभातफेरी कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले विशेष सम्बोधन गर्दै महिला आन्दोलनले विश्वभर ल्याएको परिवर्तन एवं प्राप्त उपलब्धीहरूलाई संस्थागत गर्दै अगाडि बढ्नुपर्ने आवश्यकतालाई औंल्याएका छन्। हाम्रो समाजलाई थप न्यायपूर्ण, समान र सशक्त बनाउँदै लैङ्गिक समानता स्थापनाको ८ मार्चलाई अन्तर्राष्ट्रिय नारी दिवसका रुपमा मनाउँदै आएको र प्रदेश सरकारले समेत उक्त अवसरमा कार्यक्रमको आयोजना गर्दै आएको उनले बताए।

मन्त्री थापाले नेपालमा दशकौं लामो राजनीतिक आन्दोलनको परिणामस्वरूप महिला सशक्तीकरणको क्षेत्रमा उल्लेखनीय उपलब्धीहरू हासिल भएको बताए। संविधानमार्फत महिला सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न गरिएका कानूनी व्यवस्थाहरूको चर्चा गर्दै उनले मुलुकका तीनै तहका सरकार, संसद र नीति निर्माणका निकायमा महिलाको नेतृत्वदायी भूमिका सुदृढ भएको उल्लेख गरे।

"पछिल्ला वर्षहरूमा नेपालले लैङ्गिक समानताका विभिन्न सूचकहरूमा प्रगति गरिरहेका छ। यसलाई थप परिणाममुखी बनाउन महिला सशक्तीकरण, आर्थिक, सामाजिक र संरचनात्मक रुपान्तरण अति आवश्यक छ।", उनले भने। मन्त्री थापाले स्वदेशमा महिलाहरू समान कामका लागि समान पारिश्रमिक नपाउने, महिला भएकै कारण हिंसामा पर्ने, रोजगारीका लागि विदेशिनुपर्ने जस्ता समस्या विद्यमान रहेको उल्लेख गर्दै यी समस्याहरू समाधान गर्न कानूनी, नीतिगत र व्यवहारिक सुधारहरू आवश्यक रहेको बताए। महिला सशक्तीकरण, सहभागिता र समानताको विषय केवल महिला सरोकारको विषय नभई यसका लागि हामी सबैको समान र सक्रिय भूमिका आवश्यक रहेको भनाई उनको छ। उनले महिला अधिकार सुनिश्चित गर्न, प्रभावकारी कानूनी सुधार र नीतिहरू लागू गर्ने गरी प्रदेश सरकार अगाडि बढेको जानकारी गराए।

महिलाहरूका लागि उद्यमशीलता, स्वरोजगार र सीप विकास कार्यक्रमहरू सञ्चालन गरी महिला उद्यमीहरूलाई सहुलियतपूर्ण ऋण, अनुदान र बजार पहुँच सुनिश्चित गर्ने बाटोमा प्रदेश सरकार अग्रसर रहेको भनाई उनको छ। बालिका शिक्षामा जोड दिँदै शैक्षिक संस्थामा लैङ्गिक मैत्री वातावरण निर्माण गर्ने र प्राविधिक शिक्षा र व्यावसायिक तालिममार्फत महिलाहरूलाई आत्मनिर्भर बनाउने प्रतिबद्धता मन्त्री थापाको छ। गण्डकी प्रदेश सरकारले महिलामैत्री स्वास्थ्य

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जनताको मौलिक अधिकार खोस्ने कानुन बन्दैनन्: सभामुख

पोखरापत्र संवाददाता
पोखरा, २४ फागुन

सभामुख देवराज घिमिरेले जनताको मौलिक अधिकार खोस्ने गरी संसद्ले कानुन नबनाउने बताउनुभएको छ।




प्रेस क्लब गण्डकीद्वारा शनिबार पोखरामा आयोजित कार्यक्रममा उहाँले लामो समयको सङ्घर्षको जगमा लोकतन्त्र ल्याइएको भन्दै जनताको हित विपरीत कानुन संसद्ले नबनाउने स्पष्ट पार्नुभयो।

लोकतान्त्रिक प्रणालीमा प्रेस स्वतन्त्रतालाई अङ्कुश लगाउने गरी कानुन नबन्ने सभामुख घिमिरेले उल्लेख गर्नुभयो। अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने गरी संसद्ले कुनै कानुन नबनाउने बताउँदै उहाँले भन्नुभयो, "कानुनको अभावमा धेरै बेथिति बढेका छन्, बेथितिलाई नियन्त्रण गर्न कानुन बनाउने हो, जनताको मौलिक अधिकार खोस्ने गरी कानुन बनाउन सम्भव छैन।" गलत कुराहरूको प्रचार रोक्नका लागि कानुन आवश्यक भएको भन्दै उहाँले सामाजिक सञ्जालमा देखिएको विकृति, विसङ्गतिलाई नियन्त्रण र नियमन गर्न आवश्यक रहेकामा जोड दिनुभयो। त्यस्ता विकृतिलाई नियन्त्रण गर्न कानुन बनाउँदा व्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको हनन नहुने उहाँले स्पष्ट पार्नुभयो। पत्रकारिता क्षेत्रको काम समाचार लेख्ने र सम्प्रेषण गर्ने मात्र नभई हाम्रा प्राप्त उपलब्धिको रक्षा गर्ने, समाजका गतिविध सम्प्रेषण गर्ने जिम्मेवारी पनि भएको सभामुख घिमिरेको भनाइ छ। नेपाल कम्युनिष्ट पार्टी (एमाले) गण्डकी प्रदेशसभा संसदीय दलका नेता खगराज अधिकारीले लोकतन्त्र विरोधी गतिविधि बढिरहेको बताउँदै स्वतन्त्रताका नाममा छाडातन्त्र चलिरहेकोप्रति सबै गम्भीर बन्नुपर्नेमा जोड दिनुभयो।

प्रतिनिधिसभाका सांसद दामोदार वैरागीले सामाजिक सञ्जाल प्रयोग तथा नियमन गर्ने सम्बन्धमा बनेको विधेयक अभिव्यक्ति स्वतन्त्रता विरोधी नभएको धारणा राख्नुभयो। उहाँले बढ्दै गएको विकृति, विसङ्गतिलाई नियन्त्रण र नियमन गर्न उक्त विधेयक आवश्यक पर्ने धारणा राख्नुभयो। प्रेस क्लब गण्डकीका अध्यक्ष एकराज गिरीको सभापतित्वमा भएको कार्यक्रममा पत्रकार कृष्णमणि बराललाई रु ५० हजार, दोसल्ला र प्रमाणपत्रसहित प्रेस क्लब पत्रकारिता पुरस्कारबाट सभामुख देवराज घिमिरेले सम्मान गर्नुभएको थियो। उहाँलाई पत्रकारिताको माध्यमबाट पर्यापर्यटन, वातावरण र गिद्ध संरक्षणमा योगदान पुर्याएको भन्दै सम्मान गरिएको हो।

## महिला अधिकारका सम्बन्धमा नेपाल अरू देशभन्दा अगाडि नै छ: सभापति देउवा

रासस
काठमाडौं, २४ फागुन

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले महिला अधिकारका सम्बन्धमा नेपाल अरू देशभन्दा अगाडि रहेको बताउनुभएको छ।

११५औं अन्तरराष्ट्रिय नारी दिवसका अवसरमा नेपाली कांग्रेसको केन्द्रीय महिला विभागद्वारा आज पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित 'नेपाली महिलाहरूको आह्वानः समानता र सशक्तीकरणको अभियान' विषयक छलफल कार्यक्रममा सभापति देउवाले नेपालमा अधिकारका माध्यमबाट महिलाहरूको उत्थान र अधिकार मात्रै हैन जिम्मेवारी दिने सवालमा पनि विश्वका अरू देशभन्दा अग्रगामी रहेको जिकिर गर्नुभयो। "हरेक पालिकामा मात्रै हैन राज्यको हरेक निकायमा प्रमुख र उपप्रमुखमध्ये एक महिला हुने व्यवस्था गरिएको छ। यहाँ महिलाहरूले देशकै नेतृत्व गरेको अवस्था छ, अन्य कुनै देशले नेपालले जति अधिकार दिएको छैन," सभापति देउवाले भन्नुभयो, "अब थप अधिकार, समानता र सशक्तीकरणका पक्षमा सबै मिलेर नेतृत्वदायी भूमिकामा अग्रसर हुने विश्वास लिएको छु।"

पार्टी सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'ले बनाइएका कानुन कार्यान्वयन गर्दै राज्य र पार्टीका हरेक तहमा महिलाको निर्णायक सहभागिता सुनिश्चित गर्न लाग्नुपर्नेमा जोड दिनुभयो। उहाँले क्षेत्रगत रूपमा विभाजन नभई समग्रतामा केन्द्रित भएर निर्णायक तहमा पुग्न ध्यान दिनुपर्ने बताउनुभयो। पार्टी सभापति देउवा प्रधानमन्त्री हुँदा महिला, दलित र सीमान्तकृत समुदायको हक अधिकार स्थापित गर्नका लागि उल्लेख्य काम भएको उहाँको भनाइ थियो। कांग्रेस कोषाध्यक्ष उमेश श्रेष्ठले पार्टीको टोल र वडा तह तथा सामाजिक क्षेत्रका हरेक ठाउँमा महिलाको सहभागितालाई जोड दिनुपर्ने बताउनुभयो। महिलालाई आयमूलक काममा सहभागी गराउँदै शिक्षा र स्वास्थ्यमा सशक्त भूमिकामा स्थापित गर्नुपर्ने धारणा राख्दै उहाँले पार्टीले त्यसका लागि थप भूमिका खेल्नुपर्ने धारणा राख्नुभयो।

नेपाली कांग्रेस केन्द्रीय सदस्य एवं परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले अधिकार, समानता र सशक्तीकरणमा नेपालमा धेरै काम भए पनि अझै पर्याप्त नभएको बताउनुभयो। "महिलाका कतिपय अधिकार स्थापित भए पनि अझै तिनको उपयोग गर्न सकिएको छैन, हामीले आफूलाई सक्षम बनाउन सकेका छौं कि छैनौं भनेर पनि ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो, "म महिला हैन नेता भएकाले यो स्थानमा पुगेको छु, हरेक महिलाले आफूलाई पुरुषभन्दा कम नसोच्न मेरो आग्रह छ। समाज, समुदाय र देशमा अधिकार कसैले दिएर हुने कुरा हैन, आफूले पनि सशक्त भएर आउनुपर्छ।" कांग्रेसको सूचना तथा सञ्चार विभाग प्रमुख मीन विश्वकर्माले अन्तरराष्ट्रिय महिला दिवस मनाइरहँदा प्राप्त उपलब्धिको मूल्याङ्कन गर्दै थप अधिकारका लागि लाग्नुपर्नेमा जोड दिनुभयो।

"नेपाली कांग्रेस स्थापना हुनुभन्दा अगाडि नै महिला सङ्घको स्थापना भएको थियो, अब महिलाहरूको हितमा प्राप्त भएको उपलब्धिका आधारमा सकारात्मक काम गर्दै परिवर्तनका लागि क्रियाशील हुनुपर्ने छ। भविष्यको कुरा देखाएर भावनामा बहकिएर महिला अधिकार, समानता र सशक्तीकरणमा काम हुन सक्दैन। यसर्थ यथार्थताको धरातलमा आधारित रहेर काम गर्नुपर्ने आवश्यकता छ", उहाँको भनाइ थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# वडाध्यक्ष कप भलिबलको उपाधि पोखरा-१६ लाई

पोखरापत्र संवाददाता
पोखरा, २४ फागुन

पोखरा महानगरपालिका वडानम्बर १४ मा सम्पन्न वडाअध्यक्ष कप अन्तरवडास्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि पोखरा महानगरपालिका वडानम्बर १६ ले उचालेको छ।

मनोहर युवा क्लवको खेलमैदान मनकामना टोलमा भएको खेलमा वडानम्बर १९ लाइ ३-० को सोझो सेटमा हराउदैं १६ ले उपाधि जितेको हो। जितका लागि वडानम्बर १६ ले २५-१९, २५-२२ र २५-२२ को सोझो सेटमा सहज जित निकाल्यो। उपाधिसगै वडानम्बर १६ ले एक लाख १ हजार ४१४ रुपैया, ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्यो। उपविजेता वडानम्बर १९ ले ५५ हजार १४ ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्यो।



सान्त्वना हुने वडानम्बर २१ र २३ ले २०/२० हजार रुपैया ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरे।

प्रतियोगितामा विधागत तर्फ वडानम्बर १६ का विजय परियार सर्वोत्कृष्ट खेलाडी धोषित भए। उनले नगद ७ हजार १४, ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरे। यस्तै उत्कृष्ट सटर नगरबहादुर सुनार (जिवन) वडानम्बर १९, उत्कृष्ट लिफ्टर सौरभ गुरुङ वडानम्बर १६, उत्कृष्ट डिफेन्डर बविल गुरुङ वडानम्बर १६ र अनशासित खेलाडी भुपेन गुरुङ वडानम्बर १९ धोषित भए । उनीहले जनही नगद ५ हजार,ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरे । विजेता, उपविजेता, शान्त्वना र उत्कृष्ट खेलाडीलाई कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी, राष्ट्रपति रामचन्द्र पौडेलका जल तथा वातावरण विज्ञ सल्लाहकार डा. परमेश्वर पोखरेल, वडानम्बर १४ का अध्यक्ष बोधबहादुर कार्की, वडानम्बर १५ का अध्यक्ष तोरण वानिया, वडानम्बर १९ का अध्यक्ष पुष्पेन्द्र पाण्डे, वडानम्बर १६ का अध्यक्ष अमृत शर्मा तिमिल्सीना, वडासदस्य लगायतले पुरस्कार वितरण गरेका थिए।

प्रतियोगितामा पोखरा महानगरपालिका अन्तरगतका १३ टिमको सहभागिता रहेको थियो। पोखरा महानगरपालिका वडानम्बर १४ को आयोजना खेलकुद विकास समिति वडानम्बर १४ को व्यवस्थापन र मनोहर युवा क्लबको सहकार्यमा प्रतियोगिता आयोजना गरिएको हो।

# समतामूलक समाज निर्माणको बलियो जग शिक्षा: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २४ फागुन

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले समतामूलक एवं न्यायपूर्ण समाज निर्माणको बलियो जग शिक्षा रहेको बताउनुभएको छ।

चेतनाको संवाहक र बालबालिकाको चौतर्फी विकासको आधारशीला शिक्षा रहेको उहाँको जोड छ। पोखराको लामाचौरस्थित गण्डकी बोर्डिङ स्कूलले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि भट्टले विद्यार्थी केन्द्रित शिक्षाको माध्यमबाट बालबालिकाको क्षमता र प्रतिभाको विकास गर्नु शिक्षाको उद्देश्य रहनुपर्ने बताउनुभयो । 'बालबालिकाको रुची अनुसार वातावरण तयार गरी प्रतिभा प्रस्फुटनको अवसर विद्यालयले दिन सक्नुपर्दछ ।' उहाँले भन्नुभयो - 'शिक्षा क्षेत्रमा नविन प्रविधिलाई आत्मसाथ गर्दै देश सुहाउँदो र मौलिक पहिचानको प्रवर्द्धन गरी असल अभ्यासहरुमा समाहित गर्नु हरेक विद्यालयहरुको अपरिहार्य आवश्यकता हो ।'



कुशल व्यवस्थापन, दक्ष शिक्षक र युग सापेक्ष सुधारिएको शिक्षण सिकाई प्रविधि र क्रियाकलापले गुणस्तरीय शिक्षा मिल्ने भन्दै उहाँले शिक्षाको माध्यमबाट समाज विकासमा गरिने हरेक सत्प्रयासमा आफ्नो साथ रहने प्रतिबद्धता जनाउनुभयो । जिबिएसको उत्पादन राज्यका विभिन्न विशिष्ट पदहरुमा पुगेर सेवा गरिरहेको पाएको बताउँदै उहाँले अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्षम नागरिक तयार पार्न महत्वपूर्ण योगदान दिएको यस स्कूलको सफलताको श्रृंखला अघि बढ्दै जाओस् भन्ने कामना पनि गर्नुभयो । छात्रावासको सुविधासहित निश्चित कोटा नै छुट्याएर देशका वर्षेनी करिब २०० विद्यार्थीलाई उत्कृष्टताका आधारमा छात्रवृत्तिसहित अध्ययन गराउँदै आएको विद्यालयले सुगम र दुर्गम क्षेत्र, सम्पन्न र विपन्न परिवारका बीचको खाडललाई पुर्न र बालबालिकाहरुमा सानैदेखि समानभाव जागृत गर्न भूमिका खेलेको भन्दै उहाँले विद्यालयको प्रशंसा गर्नुभयो ।

# जनप्रिय क्याम्पसमा डिजिटल साक्षरता तथा ई-प्रशासन कार्यशाला

पोखरापत्र संवाददाता
पोखरा, २४ फागुन

जनप्रिय बहुमुखी क्याम्पसको आयोजना तथा विश्वविद्यालय अनुदान आयोग सानोठिमी, भक्तपुरको सहयोगमा डिजिटल साक्षरता तथा ई-प्रशासन विषयक दुई दिने कार्यशाला सुरु भएको छ।



क्याम्पस सञ्चालक समितिका अध्यक्ष तथा प्रमुख अतिथि वीरेन्द्रनारायण विजुक्छेले सेवा प्रदायक कर्मचारीहरू प्रविधिसँग अभ्यस्त हुन आवश्यक भएकाले कर्मचारीको क्षमता तथा दक्षता अभिवृद्धिका लागि कार्यशाला आयोजना गरिएकाको बताए । विजुक्छेले प्रविधिको बढ्दो प्रयोग गर्दा शैक्षिक प्रशासनमा नयाँ अवसरहरू सिर्जना गर्ने भएकाले सिक्ने र सिकाउने समयको उपयोग गर्दै कर्मचारीलाई निपूर्ण बन्न आग्रह गरे । क्याम्पस प्रमुख कृष्णबाबु बरालले विश्वविद्यालय अनुदान आयोगबाट जनप्रिय लिड क्याम्पसका रूपमा छनौट भएकाले गण्डकी प्रदेशभित्रका सामुदायिक क्याम्पसका शिक्षक तथा कर्मचारीको दक्षताका लागि कार्यशाला तय गरिएको बताए। बरालले प्रशासन, लेखा, परीक्षा, पुस्तकालयमा कार्यरत कर्मचारीलाई डिजिटल साक्षरता सहितप्रविधिमैत्रीप्रशासनचलाउनका लागि कार्यशाला प्रभावकारी हुने बताए । सूचना प्रविधि र ई-प्रशासनको उपयोग, डिजिटल प्रणालीमा आधारित कागजात व्यवस्थापन, सूचना सुरक्षाका उपायहरू तथा प्रभावकारी प्रशासन सञ्चालनका विषयमा कम्प्युटर ल्यावमा प्रशिक्षण प्रदान गरिने आइटी सपोर्ट युनिटका संयोजक तथा स्रोतव्यक्ति यामकुमार बरालले जानकारी दिए । कार्यशालामा पोखराका कालिका बहुमुखी क्याम्पस, जनप्रकाश बहुमुखी क्याम्पस, कालिका पब्लिक कलेज, शिवशक्ति क्याम्पस, भद्रकाली बहुमुखी क्याम्पस, कन्या क्याम्पस गरी सात वटा सामुदायिक क्याम्पसका प्रशासनिक कर्मचारीहरू सहभागी भएका छन् । क्याम्पस प्रशासनलाई प्रविधिमैत्री बनाउने, डिजिटल साक्षरता अभिवृद्धि गर्ने तथा आधुनिक प्रविधिको अधिकतम उपयोग गरी शैक्षिक संस्थाको कार्यसम्पादन सुधार गर्ने उद्धेश्य रहेको जानकारी उपप्रशासक एकनारायण अर्यालले दिए।

क्याम्पस प्रमुख कृष्णबाबु बरालले अध्यक्षता गरेको कार्यक्रममा कर्मचारी संघ जनप्रिय इकाइका अध्यक्ष देवी पनेरुले स्वागत मन्तव्य राखेका थिए भने उपप्रशासक एकनारायण अर्याले कार्यक्रम सञ्चालन गरेका थिए।

# नवौं संस्करणको पोखरा स्पोर्ट्स अवार्ड वैशाख २० गते हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ फागुन

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गर्ने नवौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०८१' को मिति तय भएको छ।

पोखरा रंगशालाको मिडिया सेन्टरमा बसेको मञ्चको बैठकले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसर पारेर आगामी २०८२ साल बैशाख २० गते शनिबार नवौं संस्करणको पोखरा स्पोर्ट्स अवार्ड कार्यक्रम गर्ने निर्णय गरेको मञ्चका अध्यक्ष मानबहादुर घर्ती (एमबी आस्था) ले जानकारी दिए । मिति घोषणासँगै अवार्ड कार्यक्रमलाई भव्य बनाउन तयारी सुरु भैसकेको उनको भनाई छ।

खेलाडी तथा खेल क्षेत्रमा क्रियाशिललाई उर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आइरहेको छ । अवार्ड कार्यक्रम मार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने अध्यक्ष घर्तीले जनाए । त्यस्तै बैठकले मञ्चको सल्लाहकार मनोनयन समेत गरेको छ। जसमा रामकृष्ण ज्ञावाली, दीननाथ बराल र सुरज श्रेष्ठ रहेका छन्। त्यसैगरि मञ्चको कानूनी सल्लाकारमा अधिवक्ता मनोज घर्ती मगरलाई मनोनित गरेको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो । देश संघीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको छ। हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन्।

# गण्डकी मझौला मिनी तथा ट्रक समितिद्धारा दुर्घटना न्युनिकण प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, २४ फागुन

गण्डकी मझौला मिनी तथा ट्रक संचालक समिति पोखराले व्यवसायी, चालक र सहचालकलाई प्रशिक्षण दिएको छ।

स मि ति ले पोखरामा व्यवसायी, चालक र सहचालकलाई ट्राफिक सचेतना, विमा पोलिसी र यातायात कानून सम्बन्धी प्रशिक्षण दिएको हो।




जिल्ला ट्राफिक प्रहरी कार्यालयका बरिष्ठ नायव प्रहरी निरिक्षक शिव पाठकले ट्राफिक नियम र दुर्घटना वारे प्रशिक्षण दिएका थिए । यस्तै गण्डकी मझौला मिनी तथा ट्रक संचालक समितिका कानुनी सल्लाहकार यमबहादुर खत्रीले यातायात कानुन वारे प्रशिक्षण दिएका थिए । नेपाल इन्स्योरेन्सका अधिकृत दिनेश पोखरेलले सडक दुर्घटना र विमा पोलीसी वारे प्रशिक्षण दिएका थिए। गण्डकी मझौला मिनी तथा ट्रक संचालक समितिका अध्यक्ष मनोज रसाइलीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्की प्रमुख शोमा पाण्डेको प्रमुख आतिथ्यता रहेको थियो। प्रशिक्षण कार्यक्रमा बोल्दै पाण्डेले सडक दुर्घटना न्यूनिकरण गर्नु सबैको दायीत्व रहेको बताइन् । ट्राफिक प्रहरीले सडक दुर्घटना न्यूनिकरणका लागि कानूनर व्यवहारीक पक्षलाई हेरेर काम गरिरहेको पाण्डेले बताइन् ।

गण्डकी मझौला मिनी तथा ट्रक संचालक समितिका अध्यक्ष मनोज रसाइलीले दुर्घटना न्युनिकरण गर्ने उदेश्यले प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको जानकारी दिए। सडमा यात्रा गर्दा आवश्यक पर्ने नियम जानकारी भए दुर्घटना स्वतः कम हुने रसाइलीले बताए । व्यवसायी, चालक र सहचालकलाई प्रशिक्षित गराउन समितिले काम गरिरहेको छ। कार्यक्रममा एवान ग्रेटर नेपालका अध्यक्ष अर्जुन पौडेल, समितिका संस्थापक अध्यष दयााम भारती, निवर्तमान अध्यक्ष राम बहादुर तामाङ, सुरक्षित यात्राका अभियान्ता शिव वस्ताकोटी, एकिकृत यातायात मजदुर संगठन, गण्डकीका अध्यक्ष तिलक विश्वकर्मा, ले मन्तव्य राखेका थिए।

, समितिका सचिव श्याम कुमार ताम्राकारले संचालन गरेको कार्यक्रममा स्वागत मन्तव्य संस्थाका उपाध्यक्ष इश्वर बस्यालले राखेका थिए।

# अन्तर्राष्ट्रिय ...

सेवा विस्तार गर्दै गर्भावस्था, प्रसूति र मानसिक स्वास्थ्य सेवामा विशेष ध्यान दिएको उनले उल्लेख गरे।

उनले महिलाविरूद्ध हुने सबै प्रकारका हिंसा, विभेद, उत्पीडन एवं समाजमा विद्यमान विकृत प्रथा र परम्परालाई निर्मूल गर्दै समानता र न्याय सुनिश्चित गर्न सबैलाई थप ऊर्जा र उत्साह प्राप्त होस् भन्ने कामना गरेका छन्। कार्यक्रममा बोल्दै राष्ट्रिय मानवअधिकार आयोग पोखराका प्रमुख नितु गड्तौलाले समानता र महिला अधिकार प्रत्याभूत हुने कुरामा सबैको जोड हुनुपर्ने आवश्यकतालाई औंल्याएकी छिन् । गैर सरकारी संस्था महासंघ प्रदेशका उपाध्यक्ष पदम पहारी लगायतले बोलेको कार्यक्रममा सुरक्षाकर्मी, मानवअधिकारकर्मी, सामाजिक अभियान्ता र विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति थियो । पोखराको जिरो किलोमिटरबाट सुरु भएको प्रभातफेरी कार्यक्रम पृथ्वीचोकमा पुगेर समापन गरिएको थियो।

# महिलाविरुद्ध हुने सबै खाले हिंसाको अन्त्य गरौँ: प्रदेश प्रमुख

पोखरापत्र संवाददाता
पोखरा, २४ फागुन

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले अन्तर्राष्ट्रिय महिला दिवसले महिला स्वतन्त्रता, समानता र सामाजिक न्याय स्थापित गर्न थप उर्जा, उत्साह एवं प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

११५ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा शनिबार शुभकामना सन्देश जारी गर्दै उहाँले यो दिवस महिलाको हकअधिकारका साथै आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक विकासका लागि आवाज उठाउने दिनको स्मरण गर्दै प्रत्येक वर्ष ८ मार्चमा विश्वभर मनाउने गरिएको उल्लेख गर्नुभएको छ । 'लैंगिक समानता, महिला सशक्तीकरण, महिला अधिकारको सुनिश्चितता, सर्वाङ्गीण विकासका साथै उनीहरुको आवश्यकताका लागि सामाजिक जागरण ल्याउन यो दिवसको विशेष महत्व रहेको छ।' उहाँको भनाई छ- 'राज्यका हरेक निकायमा समानुपातिक, समावेशी र सहभागितामूलक सहभागिताको हक सुनिश्चित भएको छ।

इतिहासका खास-खास कालखण्डमा नेपाली महिलाहरुले देखाएको अदम्य साहस, कठिन संघर्ष र बलिदानका कारण यी उपलब्धि हासिल भएका हुन् ।' आन्दोलनमा अघि रहेका महिलाहरू अधिकारमा सधैं पछि परेको अवस्थामा नयाँ संविधानले प्रत्येक महिलालाई समान हकलगायतका अधिकार सुनिश्चित गरेको र महिलामा आएको जागरणले राजनीतिसहित राज्यको हरेक क्षेत्रमा उनीहरूको सहभागिता बढेको उल्लेख गर्नुभएको छ। शुभकामना सन्देशमा भनिएको छ- 'राज्यका हरेक तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेपनि भुइँ मान्छेहरूले अझै त्यसको अनुभूति गर्न नसकेको अवस्था पनि छ । महिलामाथि हुने हिंसा र अन्याय त्यसको बाधक हो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– बी. पी. कोइराला

## सम्पादकीय

# गणतन्त्रवादी झगडा नगर

पूर्व राजा ज्ञानेन्द्र शाहको पोखरामा भएका गतिविधि र राजतन्त्र पुनःस्थापना पक्षधरहरूको गतिविधिले दलहरू झस्किएका छन् । पुर्व राजा ज्ञानेन्द्र आइतबार काठमाडौं फर्कने दिन राप्रपाको आह्वानमा राजतन्त्र पुनःस्थापना पक्षधरहरूले काठमाडौंमा प्रदर्शन गर्ने तयारी गरेका छन । राजावादीको अराजनीतिक व्यवहार र गणतन्त्रमाथि धावा वोल्न थालेपछि राजनीतिक दल र सरकारलाई झस्काएको छ ।

राजावादीहरूको गतिविधि तीव्र हुन थालिसकेपछि प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले हुलाकी राजमार्ग केन्द्रित पूर्वपश्चिम अभियान स्थगित गरेको छ । शनिबार रौतहटमा आयोजित कार्यक्रममा सम्बोधन गरेका माओवादी अध्यक्ष प्रचण्ड आइतबारदेखि कार्यक्रम स्थगित गरेर काठमाडौं फर्कने भएका छन् । आइतबार दाहाल काठमाडौं आएपछि पदाधिकारी बैठक बस्ने र त्यसले पार्टीले सञ्चालन गरिरहेको अभियान स्थगित गरेर विकसित राष्ट्रिय राजनीतिक घटनाक्रममा केन्द्रित हुनेछ ।

पदाधिकारी बैठकले संसद् र केन्द्रीय राजनीतिमा भूमिका खेल्नुपर्ने अवस्था आएकाले औपचारिक निर्णयबाट अभियान स्थगित गर्ने तयारी भएको छ ।' माओवादीले फागुन १२ गतेदेखि चैत १२ गतेसम्म सञ्चालन हुने गरी तराई मधेश जागरण अभियान सञ्चालन गरिरहेको छ । राजतन्त्र पुनःस्थापना पक्षहरूको गतिविधिले सत्तामा रहेका दुई दल कांग्रेस र एमालेले पनि आन्तरिक छलफल तीव्र बनाएका छन् । उनीहरुले राजावादीहरूको गतिविधिलाई कसरी निस्तेज पार्न सकिन्छ र सरकारको भूमिका कस्तो बनाउने भन्ने विषयमा बालुवाटारकेन्द्रित छलफल गरिरहेका छन् ।

लोकतन्त्रमा फरक मत राख्न पाउने संवैधानिक अधिकार भएकाले राजतन्त्र पुनःस्थापना गर्ने पक्षहरूले पनि आफ्ना कुरा लिएर सडकमा आउन खोज्नु स्वभाविक मानिन्छ ।तर, अहिलेको सन्दर्भमा राजतन्त्र पुनःस्थापनाको एजेन्डाको कुनै तुक र सम्भावा देखिदैन । आफ्ना कुरा राख्न पाउनु संवैधानिक हक हो। उनीहरुले त्यो गर्न पाउछन। तर अहिलेको सन्दर्भमा राजतन्त्र पुनःस्थापना गर्ने एजेण्डा को कुनै तुक छैन । सम्भावना पनि छैन। परिवेशले दिँदैन ।' शान्तिपूर्ण भेलालाई सरकारले स्वभाविक रुपमा लिए पनि राजनीतिक प्रणाली र संविधानलाई नै विस्थापित गर्ने कुरा मान्य हुदैन ।

व्यवस्था नै परिवर्तन गर्ने र संविधान नै उल्ट्याउने गतिविधि गर्दा कस्तो व्यवहार हुन्छ भन्ने सबै भुक्तभोगी छन। संविधान र राज्य प्रणालीको संरक्षणका लागि सरकारले आफ्नो उपस्थिति देखाउँनुपर्छ। संसदमा सत्ता पक्ष र विपक्ष हुन्छ। सरकारको खबरदारी गर्ने काम विपक्षीको हो।अहिले राजावादीले गर्ने अभियान संघीय लोकतान्त्रिक गणतन्त्र विरुद्ध हो।संविधान पक्षधर दलहरु प्रणाली जोगाउन मिलेर जानुपर्ने बेला झगडा गर्न सुहाउँदैन । दल भित्र बेमेल र एकले अर्कोलाई खुइल्याउन लाग्दा प्रणाली नै खुइलिने अवस्था आउन सक्छ।संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानले दिएका अधिकार रक्षाका लागि संसदमा रहेका दलहरु मिलेर जान आवश्यक छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : व्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# रेडियो अन्नपूर्णले चैत १६ गते बृहत रक्तदान गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज र पोखरा इन्टरनेटको संयुक्त आयोजनामा आउँदो चैत १६ गते शनिवार बृहत रक्तदान कार्यक्रम आयोजना हुने भएको छ ।

रेडियोले सामाजिक उत्तरदायित्व अन्र्तगत यस वर्ष पनि चैतको तेस्रो शनिबार "जिबन बचाउन रक्तदान गरौ" भन्ने नाराको साथमा २३ औं बृहत खुला रक्तदान कार्यक्रम आयोजना गर्ने भएको रेडियोका स्टेसन म्यानेजर संजयकुमार मल्लले जानकारी दिए ।

रक्तदान कार्यक्रमलाई सफल बनाउन विभिन्न समितिहरु समेत गठन गरिएको छ । बुधबार बसेको बैठकले आरजु बिष्ट 'सल्यानी'लाई संयोजकको जिम्मेवारी दिइएको छ । राजाराम पौडेललाई प्रचारप्रसार र संघसंस्था परिचालनको जिम्मेवारी दिइएको हो ।

त्यस्तै कार्यक्रम व्यवस्थापकको जिम्मेवारी नारायण पौडेललाई तोकिएको छ । रेडियोले २०५८ सालदेखि नियमित रुपमा रक्तदान कार्यक्रम आयोजना गर्दै आइरहेको छ ।

# 'फिस्टेल ओपन डे-२०८१' सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन



गण्डकी प्रदेशकै एक मात्र आई.बी. प्रस्तावित विद्यालय फिस्टेल एकेडेमी माध्यमिक विद्यालय, पोखरा-१७, कास्कीले शनिबार 'फिस्टेल ओपन डे-२०८१' सम्पन्न गरेको छ ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव राजेन्द्रप्रसाद भण्डारीले कार्यक्रमको उद्घाटन गर्दै विद्यालयको शैक्षिक, भौतिक लगायत विविध पक्षको अवलोकन गरेका थिए । गुणस्तरीय शिक्षाका क्षेत्रमा विद्यालयले गरेको प्रगतिको प्रशंसा गर्दै सहसचिव भण्डारीले विद्यालयको थप प्रगतिको कामना गरे । यस्तै शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख उपसचिव लाकनाथ आचार्यले शिक्षाको विकासमा निजी क्षेत्रको योगदान उल्लेखनीय रहेको विचार व्यक्त गरे । कार्यक्रममा विद्यालयका गतिविधि, यसले अवलम्बन गरेको शिक्षण पद्धति र अन्य विविध पक्षका बारेमा अभिभावक तथा सरोकारवालाहरूले जानकारी लिएका थिए । कार्यक्रममा विद्यार्थी तथा विभिन्न लोकप्रिय ब्यान्डहरूले साङगीतिक प्रस्तुति राखेका थिए । कार्यक्रम स्थलमा फुड स्टल, पुस्तक प्रदर्शनी, स्टिम प्रदर्शनी तथा विभिन्न मनोरञ्जनात्मक खेलहरू पनि सञ्चालन गरिएको थियो । विद्यालयको वर्तमान अवस्थाका बारेमा जानकारी दिँदै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चिनु रानाभाटले विद्यालयले विविध क्षेत्रमा सकारात्मक फडको मारिरहेको बताए । उनले भने, "गुणस्तरीय शिक्षा लिनकै लागि पोखरा छोड्नुपर्ने अवस्थालाई अन्त्य गर्न फिस्टेल एकेडेमीको स्थापना भएको हो र सोही लक्ष्यलाई पूरा गर्न विद्यालय लागेको छ ।'' विद्यालयका सहायक प्रधानाध्यापक कमल लामिछानेले स्वागत मन्तव्य राखेको कार्यक्रममा विद्यार्थीहरूले प्यानल डिस्कससमेत गरेका थिए भने कार्यक्रमको सञ्चालन विद्यार्थी द्वय रिजा श्रेष्ठ र साइनि गुरुङले गरेका थिए ।

# मुस्ताङमा एक सय पन्ध्रौं अन्तरराष्ट्रिय महिला दिवस

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २४ फागुन

हिमालपारि मुस्ताङका महिलाले ११५औं अन्तरराष्ट्रियमहिलादिवसमनाएका छन् । घरपफोङ गाउँपालिका-३ स्याङको आयोजना तथा घरपफोङ गाउँपालिका, सामाजिक विकास कार्यालय, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), पाइला नेपाल, विभिन्न आमा समूह, सुरक्षा निकायलगायतको समन्वयमा शनिबार यहाँ ११५औं अन्तरराष्ट्रिय महिला दिवस विभिन्न कार्यक्रम गरी मनाइएको हो ।

'सबै महिला तथा बालबालिकाका लागिः अधिकार, समानत र सशक्तिकरण' भन्ने उद्घोषसहित घरपफोङ गाउँपालिकाअन्तर्गत पाँचवटै वडाका महिलाहरूको सामूहिक उपस्थितिमा दिवस मनाइएको हो । थकाली र गुरुङ तथा अन्य मौलिक वेशभूषामा सजिएर महिलाहरू यो दिवस मनाउन उपस्थित भएका थिए । महिलामाथि हुने सबै प्रकारका विभेद, अन्याय र उत्पीडनका विरुद्धमा सशक्त आवाज बुलन्द गरी जिल्लाको ऐतिहासिक गाउँ स्याङमा महिलाद्वारा र्‍याली निकालिएको थियो । महिलामाथि हुने हिंसा र विभेदका विरुद्ध लेखिएका 'प्लेकार्ड' र 'ब्यानर'सहित महिलाहरूले र्‍यालीमा अधिकार प्राप्ति र लैङ्गिक समानताका लागि आवाज उठाएका छन् । जनकल्याण स्कुलको प्राङ्गणबाट स्याङ गाउँको समाजघरसम्म भएको र्‍यालीमा सहभागीले महिलामाथि हुने विभेदविरुद्ध आवाज उठाएका घरपफोङ गाउँपालिकाकी उपाध्यक्ष जमुना रानामगरले बताउनुभयो । मुस्ताङमा यो समय कृषि र पर्यटनका लागि पाहुनाको आगमन बढेकाले सोका लागि भ्याइनभ्याइ छ । स्याङको बगैंचा व्यवस्थापनका साथै बर्खे अन्नबाली लगाउन हतार छ । हिउँदयामको जाडो सकिएर गर्मीयाम सुरु हुने यो बेलामा यहाँ दिनहुँ आन्तरिक तथा बाह्य पर्यटकको बाक्लो उपस्थिति हुने गर्दछ । यद्यपि यहाँका महिलाहरूले बर्सेनि मार्च ८ अर्थात् आज मनाइने अन्तरराष्ट्रिय महिला दिवसलाई महत्वकासाथ मनाउँदै आइरहेका उहाँको भनाइ छ । यहाँ आयोजित अन्तरराष्ट्रिय महिला दिवसका अवसरमा दुई जना ज्येष्ठ महिलालाई सम्मान गरिएको छ । घरपफोङ-३ की ८६ वर्षीया नर्साङमो थकाली रघरपफोङ-१ चिमाङकी ९० वर्षीया कान्छी थकालीलाई मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसाल र गाउँपालिकाका उपाध्यक्ष रानामगरले नगदसहित दोसल्ला र प्रमाणपत्रले सम्मान गर्नुभयो । प्रजिअ भुसालले मुस्ताङजस्तो भौगोलिक विकटता भएको जिल्लामा महिलाहरूको उत्साहजनक सहभागिताले महिला अधिकारी प्राप्तिका लागि सक्रिय रहेका जनाएको बताउनुभयो । उहाँले महिला भएकै कारण वा पुरुष भएकै कारण कोही पनि लिङ्गका आधारमा भेदभाव हुन नहुने धारणा राख्नुभयो । गाउँपालिकाकी उपाध्यक्ष रानामगरले महिलामाथि हुने सबै प्रकार विभेद र उत्पीडनको जरैदेखि अन्त्य हुनुपर्नेमा जोड दिनुभयो । अझै पनि हाम्रो समाजमा महिलामाथि विभेद र दमन हुने गरेका बताउँदै उहाँले महिला सशक्तिकरणका लागि शिक्षा र आर्थिक समृद्धिको पाटो मुख्य भएको धारणा राख्नुभयो । स्याङ महिला समूहकी अध्यक्ष शान्ता थकालीले मुस्ताङका महिलाहरूले यो दिवसलाई विशेष रुपमा अपनाउँदै आइरहेका भन्दै यो अधिकार प्राप्ति र सशक्तिकरणको अभियान हो भन्नुभयो । दिवसले एकताको सन्देश प्रवाह गरेर महिला हकहित र अधिकारलाई प्रत्याभूति दिलाउन योगदान दिँदै आएको उहाँले जनाउनुभयो ।

# महिला टी-२० आई शृङ्खलाः नामिबियासँग नेपाल छ विकेटले पराजित

**रासस**
काठमाडौं, २४ फागुन

युगान्डामा सुरु भएको चार देशीय महिला टी-२० आई शृङ्खलाअन्तर्गत आफ्नो खेलमा नेपाल नामिबियासँग छ विकेटले पराजित भएको छ । युगान्डाको एन्टेब्बे क्रिकेट ओभल मैदानमा आज भएको खेलमा नामिबियाले नेपाललाई छ विकेट हराएको हो ।

नेपालले दिएको ९३ रनको लक्ष्य पछ्याइहने क्रममा वर्षाले केही समय अवरोध भएपछि खेललाई 'डिएलएस' विधिबाट १५ ओभरमा झारिएको थियो । खेललाई १५ ओभरमा झारिएपछि लक्ष्य ७१ रनको बनेको थियो । नामिबियाले १४ दशमलव पाँच ओभरमा चार विकेट गुमाउँदै उक्त लक्ष्य पूरा गरेको हो । नामिबियाका लागि मेकेलान्ये म्वाटिलेले सर्वाधिक २६ रन बनाइन् । उनले ३५ बलमा तीन चौकाको मद्दतले २६ रन बनाएकी हुन् । यस्तै, जुरिएन डियर्गाईर्टले 'नकआउट' १३ रन बनाइन् । उनले सात बलमा एक चौकासमेत प्रहार गरिन् । नामिबियाका लागि एडेल भान जिल्ले आठ, सुन विटम्यानले सात, यास्मिन खानले छ र विल्का म्वाटिलेले नकआउट पाँच रनको योगदान दिइन् । नामिबियाले अतिरिक्त छ रन प्राप्त गऱ्यो ।

नेपालका लागि कप्तान इन्दु बर्मा, कविता जोशी, पूजा महतो र ईश्वरी विष्टले समान एक/एक विकेट हात पारे । त्यसअघि 'टस' जितेर पहिला 'ब्याटिङ' गरेको नेपाली महिला टोलीले निर्धारित २० ओभरमा १० विकेट गुमाउँदै ९२ रन बनाएको थियो । नेपालका लागि सम्झना खड्काले ११ बलमा चार चौकाको मद्दतले सर्वाधिक १८ रन बनाएकी हुन् । ईश्वरी विष्ट 'नकआउट' हुँदै १७ रन, कविता जोशीले १६, पूजा महतोले १३ रनबाहेक अन्य कुनै खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । यो खेलमा नेपालले अतिरिक्त १५ रन प्राप्त गरेको थियो । नामिबियाका लागि मेकेलाये म्वाति र विल्का म्वातिले समान तीन/तीन विकेट हात पारेका थिए । यस्तै, केलिन ग्रिनले दुई र जुरिन डिएरगार्डले एक विकेट लिएकी थिइन् । नेपालले आफ्नो दोस्रो खेल आइतबार युगान्डासँग खेल्नेछ । त्यस्तै, फागुन २६ गते हङकङसँग, फागुन २८ गते नामिबियासँग, फागुन २९ गते युगान्डासँग र आगामी चैत १ गते हङकङसँग खेल्नेछ ।

# व्यावसायिक कागती खेतीमा रमाउँदै नगर प्रमुख पण्डित

**मिला दरै**
तनहुँ, २४ फागुन/रासस



समाजसेवा र राजनीतिसँगै व्यावसायिक कृषि कर्ममा पनि सफल हुनुभएको छ तनहुँको शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डित । व्यवसाय र राजनीतिक क्षेत्रमा सफल मानिने नगर प्रमुख पण्डित व्यावसायिक कृषि कर्ममा लाग्नुभएको छ ।

उहाँले म्याग्दे गाउँपालिका-४ मा १० रोपनीभन्दा बढी क्षेत्रफल जमिनमा कागती खेती गरिरहनुभएको छ । चाहना र समय व्यवस्थापन गर्न सके हरेक क्षेत्रबाट उत्पादन तथा आम्दानी लिन सकिने उहाँको बुझाई छ । उहाँ हरेक बिहान कागती गोडमेल र रेखदेखका लागि केही समय छुट्याएर बारीमा पुग्ने गर्नुहुन्छ । स्वास्थ्यका लागि समेत बिहान सबेरै उठेर बिरुवाको गोडमेल गर्न उपयुक्त हुने उहा बताउँनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हाल एक हजारभन्दा बढी कागतीका बोटले फल दिन सुरु गरेको छ ।" घरायसी प्रयोगका लागि प्रशस्तै पुग्ने भएपनि आगामी वर्षबाट व्यावसायिक रुपमा उत्पादन हुने उहाँ बताउनुहुन्छ । "आगामी वर्षबाट बजार पठाउने कागती उत्पादन हुनेछ", उहाँ भन्नुहुन्छ, "एक सिजनमा १५-२० हजार किलो कागती उत्पादन हुन्छ ।" भुगोल र माटो सुहाउदो खेती गरेकाले बादर लगायतका जङ्गली जनावरले समेत क्षति पुऱ्याउन नसक्ने र बाँझिएको जमिनको उपयोग हुने नगर प्रमुख पण्डित बताउनुहुन्छ । पृथ्वी राजमार्गबाट छोटो दुरीमा रहेको जमिनमा सामाजिक व्यक्तित्वले कृषि खेती गर्दा युवालाई कृषितर्फ प्रोत्साहन गर्न सकिने उहाँको बुझाइ छ । सामाजिक व्यक्तित्वले कागजी खेती गरेपछि अन्यलाई समेत यस प्रतिको प्रेरणा मिलेको छ । सामान्यतया कोदो, मकै लगायतका खाद्यान्न लगाउदाँ जङ्गली जनावरले क्षति पुऱ्याएको भनेर बाँझिदै गएको जमिनमा कागती खेती गरिएको हो । कोदो, मकै, भटमासलगायतका खेती गर्दा बाँदरलगायतका जङ्गली जनावरले क्षति पुऱ्याएपछि बाँझो बनेको जमिनमा सामाजिक व्यक्तित्वले कृषि खेती गर्दा अन्यले समेत कागती खेतीतर्फ आकर्षित भएका स्थानीय हेमकुमार कायस्थ बताउनुहुन्छ । समाजको नेतृत्व गरिरहनु भएका व्यक्तिले कृषिमा चासो दिएर संलग्न हुने गरेमा उपेक्षित बन्दै गएको कृषि पेशाप्रतिको दृष्टिकोण नै सम्मानित बन्ने उहाँ बताउनुहुन्छ । नेपाली काँग्रेसकै नेता बालकृष्ण पौडेल पण्डितको जस्तै अन्य जनप्रतिनिधिको देखिने गरि कुनै पेशा व्यावसाय हुनुपर्ने धारणा राख्नुहुन्छ । कृषि पेशा नै उपेक्षित र खेती गर्ने संस्कृति लोप हुँदै जान थालेको अवस्थामा नगर प्रमुखको कृषिप्रतिको लगाव उदाहरणीय भएको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, "गाउँघरमा बाँझो रहेका छन्, उहाँको लगावले युवालाई प्रोत्साहन गर्ने गरेको छ, गाउँघरका बाँझिएका जमिनमा केही गर्न सकिन्छ है भन्ने आशा मेयरको प्रयासले जगाएको छ ।" जनप्रतिनिधिहरु समाजका मार्गदर्शक हुन् । समाजलाई परिवर्तन गर्न सक्ने गरी हौसला दिन सक्ने हुनुपर्ने गुण उहाँमा देखिएकोले सर्वसाधारणलाई उत्साहित गराउन सहयोग पुग्ने उहाँको भनाइ छ । बजार माग उच्च रहेको कागजी खेतीसँग अब पुर्खौली जमिनमा व्यावसायिक रुपमा मेवा खेती गर्ने नगर प्रमुख पण्डितको तयारी छ । उहाँ आम्दानीसँगै कृषिको विकास, स्थानीयलाई रोजगारीको अवसर र बाँझिएका जमिनको उपयोगमा सहयोग पुग्ने सोचका साथ कृषि क्षेत्रमा आवद्ध भएको बताउनुहुन्छ।भारतबाट ल्याउनुपर्ने कागती समेत यहीँ उत्पादन बृद्धि भएसँगै खपत हुनेछ । अम्लिय फलफूलको व्यावसायिक खेतीले बाँदरलगायतका जङ्गली जनावरले क्षति पुऱ्याउन सक्ने छैन । कृषि ज्ञान केन्द्रले बाँदरको बढी आतङ्क रहेका स्थानमा अम्लिय फलफूल खेतीलाई प्रोत्साहन गर्दै आएको छ । अम्लिय पदार्थलाई बाँदर कम क्षति पुऱ्याउने गरेको पाइएको केन्द्रले जनाएको छ ।

यहीं उत्पादन बढाउन सकिएमा कागतीलगायतका तरकारी तथा अम्लिए फलको आयात घटाउन समेत सहयोग पुग्ने कृषि ज्ञान केन्द्रले जनाएको छ । तरकारी तथा फलफूल आयातमा न्यनीकरण गर्नका लागि स्थानीय रुपमा नै जमिन बाँझो बनाउनुभन्दा उपयोगलाई नेतृत्वमा आवद्ध व्यक्तिको भूमिका महत्वपूर्ण हुनेछ । यहीं उत्पादन गर्न सकिएमा खपत हुनेछ भने आयस्तर नै परिवर्तन हुनुका साथै आत्मनिर्भर हुनेछ ।

# राष्ट्रिय गौरवको कागबेनी–कोरला मार्ग कालोपत्र हुने

**सुन्दरकुमार थकाली**
मुस्ताङ, २४ फागुन/रासस

उत्तर/दक्षिण व्यापारिक मार्ग विस्तार आयोजना अन्तर्गत मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–४ कागबेनीदेखि उत्तरी कोरलानाकासम्मको ग्राभेल सडकमा कालोपत्रे हुने भएको छ।

लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेलविष्टकोपहलमामुस्ताङको (कागबेनीदेखि कोरला)सम्मको ९७ किमी सडकमा कालापत्रेको गर्ने गृहकार्य अघि बढेको थियो।

राष्ट्रिय गौरवको कालिगण्डकी करिडोर सडक आयोजना अन्तर्गत चालु आर्थिक वर्षको असार मसान्तसम्म कागबेनीदेखि उत्तरी चीनसँग सीमाना जोडिएको कोरलानाकासम्म प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रस्ताव स्वीकृत हुने सुनिश्चित भएसँगै (कागबेनी–कोरला) ग्रोभल सडकलाई कालोपत्रेमा रूपान्तरण गर्ने मार्ग प्रसस्त भएको हो।

भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत उत्तर/दक्षिण व्यापारिक मार्ग विस्तारित आयोजना लोकमार्ग निर्देशनालयमार्फत पेश गरिएको वारागुङ मुक्तिक्षेत्र–४ कागबेनीदेखिलोघेकरदामोदरकुण्ड–२ घमिसम्मको ५० किमी सडकको प्रारम्भिक वातावरण प्रभाव मूल्याङ्कन प्रस्ताव स्वीकृत भइसकेको कालिगण्डकी करिडोर (बेनी–जोमसोम–कोरला) सडकका आयोजना प्रमुख धु्रव झाले जानकारी दिनुभयो। उहाँले कागबेनी घमि सडकको आइइ प्रस्ताव विहीबार मात्रै स्वीकृत भएको र अब थप घमिदेखि उत्तरी कोरला नाकासम्मको ४७ किमी ग्राभेल सडकमा कालोपत्रे गर्नका लागि वातावरण प्रभाव मूल्याकङ्नको प्रक्रिया अघि बढिसकेको जानकारी दिनुभयो। "कागबेनी–घमि सडकलाई कालोपत्रे गर्न पेश गरिएको आइइ प्रस्ताव स्वीकृत भएको छ, अब हामीले घमिदेखि कोरलासम्मको बाँकी सडकलाई पनि कालोपत्रे ठेक्का लगाउन बाटो खुल्ने गरी आइइ प्रस्तावलाई तदारुकता साथ अघि बढाइसकेका छौं," आयोजना प्रमुख झाले भन्नुभयो, "दोश्रो फेजको घमि–कोरलाको पनि अब दुई/तीन महिनाभित्रै आइइ प्रस्ताव स्विकृत हुनेछ, आइइ सकिएपछि कागबेनीदेखि कोरलासम्मकै बहुवर्षीय कालोपत्रे ठेक्काका लागि अर्थमन्त्रालयबाट बजेट श्रोत सुनिश्चित पक्का छ।" आयोजना प्रमुख झाले भन्नुभयो,"कात्तिक महिनासम्म कागबेनी–घमिसम्मको ५० किलोमिटर सडक आइइ प्रस्ताव स्वीकृत हुनसकेको भए कागबेनी–घमिसम्मको ५० किमी कालोपत्रेका लागि बजेट श्रोत सुनिशित हुने थियो, तर प्राविधक कारणले आइइ प्रस्ताव स्वीकृत हुन ढिलाइ भयो, यस कारणले चालु वर्ष कागबेनी–छुसाङ ९ दशलमव ८ किमीको मात्रै श्रोत सुनिश्चित भएको हो।"

राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण आयोजना क्षेत्र भएकाले एकै पटकमा वातवरणीय प्रभाव मूल्याङ्कन प्रस्वात पेश गर्न कानुनी जटिलता उत्पन्न भएको हो। यसैका खातिर आयोजनाले ५० किमी दुरी मापन गरी दुई चरणमा सम्पन्न गर्ने गरी आइइ प्रस्ताव अघि बढाएको आयोजना प्रमुख झाले जानकारीदिनुभयो। कागबेनी–घमि सडकको आइइ उत्तर/दक्षिण लोकमार्ग निर्देशानालयले सम्पन्न गरेको र दोश्रो फेजको घमि–कोरला सडकको आयोजनालेनै आइइ प्रस्ताप स्वीकृत गराउने योजना रहेको आयोजना बताउनुभयो। कागबेनीदेखिकोरलासम्मकोस्थलगत दुई चरणमा फिल्ड अध्ययनकार्य पुरा भइसकेको छ। यसअघि आयोजनाको समन्वयमा कोरलासम्मको सडकमा प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच केकस्ता असर पर्न सक्ने बिषयमा स्थानीयस्तरमा छलफल तथा अन्तरक्रिया गरिएको थियो। त्यहाँको शैक्षिक, स्वास्थ, खानेपानी लगायतका विषयमा स्थानीय जनप्रतिनिधि, एक्याप र स्थानीय नागरिकसँग सामूहिक नागरिक सुनुवाइ गरिएको थियो।

लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल बिष्टले उत्तरी कोरलानाकालाई सरकारले उच्च प्राथमिकतामा राखेर बजेट विनियोजन गर्नुपर्ने बताउनुभयो। उहाँले चीनको मानसरोवर जाने पर्यटक, नेपाल–चीन व्यापार र आन्तरिक पर्यटन प्रवद्र्धनका लागि उत्तरी कोरलानाका महत्वपूर्ण भएकाले यहाँको सडक पूर्वाधारमा सरकारले कन्जुस्याइ गर्न नहुने जनाउनुभयो। कोरलासम्मकै लागि चालु वर्ष आइइ प्रस्ताव स्वीकृत हुने सुनिश्ति भएकाले मुस्ताङका लागि गौरवको विषय भएको उहाँको भनाइ छ। भारतीय नाकाबन्दीपछि आव २०७३/७४ सालदेखि सुरु भएको कोरलानाका जोड्ने उत्तर/दक्षिण व्यापारिक मार्ग विस्तारित आयोजना अन्तर्गत बेनी–जोमसोम कोरला सडकमा हालसम्म मालढुङ्गादेखि छुसाङसम्म एक सय १५ किमी सडकको कालोपत्रे ठेक्का लागेको आयोजनाले जनाएको छ। यस्तै आयोजना अन्तर्गत तीन वर्ष अगावै जोमसोम–कोरला एक सय १० किमी सडकको ग्राभेल पुरा भएकोमा हाल ९७ किलोमिटर ग्राभेल छ। कोरला सडक अन्तर्गत हालसम्म कालोपत्रे भौतिक प्रगती ७५ प्रतिशत रहेको र कागबेनी–कोरला ९७ किमी ग्राभेल अवस्थामा छ।

चालु आवको माघ महिनामा अर्थ मन्त्रालयले कागबेनी–छुसाङ सडकका लागि ५० करोड बजेट श्रोत सुनिश्चित गरेको छ। यसको ठेक्का प्रक्रिया अघि बढिसकेको आयोजनाकाले जनाएको छ।

**कोरला सडकको ३२ करोड बजेट कटौती**

राष्ट्रिय गौरवका (बेनी–जोमसाम–कोरला) सडकको लागि विनियोजन भएको बजेटमा ३२ करोड बजेट अर्थमन्त्रालयबाट कटौती भएको आयोजना प्रमुख धु्रव झाले जानकारी दिनुभयो। आयोजना प्रमुख झाले चालु वर्ष ९० करोड बजेट विनियोजन भएकोमा ५८ करोडमा झारिएको बताउँनभयो। 'कोरला सडकको बजेट अन्य आयोजनामा रकमान्तर गरिएको रहेछ, यो सारैने अन्याय हो,' आयोजना प्रमुख झाले भने,' यसरी विनियोजन भएको बजेट कटौती हुँदै जाने हो भने आयोजनाको काम अघि बढाउन समस्या हुन्छ। उहाँले बजेट कटौती गर्दै जाने हो भने अन्य योजना प्रभावित हुनसक्ने बताउनुभयो।

# त्रिवेणी इन्टरनेशनल कलेजमा स्पोर्टस् मिट

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन




त्रिवेणी इन्टरनेशनल कलेज पोखरा २७ मा शुक्रबार देखी स्पोर्टस् मिट २०८१ शुरु भएको छ। कलेजका विद्यार्थीले विभिन्न १४ खेलका लागि स्पर्धा गर्नेछन्।

स्पोर्टस मिटको शुभारंभ गर्दै कलेजका पूर्व अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रिय सदस्य बाबुराम गिरीले विद्यार्थीको शैक्षिक गुणस्तर सहित अन्य क्षेत्रमा भएको प्रतिभा मापनका लागि खेल आवश्यक रहेको बताउनु भयो। अध्ययनले ज्ञान र बौद्धिक क्षमता बृद्धि भए जस्तै खेलले विद्यार्थीहरुका विचमा रहेको फरक विधा र क्षमताको पहिचान हुने उल्लेख गर्नु भयो। कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष सुमन भट्टराईले त्रिवेणीमा अध्ययन गरेका विद्यार्थी रोजगारको जुनसुकै क्षेत्रमा पनि अब्बल बन्ने गरी तयारी गर्न आग्रह गर्नु भयो। अध्यक्ष भट्टराईले योगले स्मरणशक्तिमा बृद्धि गराउन सहयोग पुर्याए जस्तै खेलले शारिरिक स्वस्थता र स्फुर्ती प्रदान गर्ने उल्लेख गर्नु भयो। सहायक क्याम्पस प्रमुख डिल्लीराम पौडेलले बार्षिक तालिका अनुसार आयोजना गरिएको स्पोर्टस् मिटमा कलेजका ५ सय विद्यार्थीहरुले सहभागिता जनाउने बताउनु भयो। कार्यक्रममा संचारकर्मी नवराज सापकोटा, प्राध्यापक जीवन भण्डारी, विद्यार्थी कल्याणकारी समितिका अध्यक्ष सुदिन मोहन भट्टराई लगायतले स्पोर्टस् मिटका बारेमा बोल्नु भएको थियो। स्पोर्टस् मिटमा महिला तथा पुरुष एकसय मिटर दौड, भलिबल, सटफुट, बलथ्रु सहितका १४ खेलमा स्पर्धा गराईने सहायक क्याम्पस प्रमुख पौडेलले बताउनु भयो। व्यवस्थापन संकाय तर्फ स्नातक र स्नाकोत्तर तहका छ सय भन्दा बढी विद्यार्थीले सहभागिता जनाउने स्पोर्टस् मिट फागुन २८ गतेसम्म संचालन हुनेछ।

# जङ्गल र गोठ गरेर दैनिकी चलाउँदै ८० वर्षीय लिलबहादुर

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ फागुन



उमेरले आठ दशकमा लागेका म्याग्दीको धवलागिरी गाउँपालिका–३ मुनाका लिलबहादुर पुनको दैनिकी बाख्रासँगै जङ्गल र गोठ गरेर बित्ने गरेको छ। असी वर्षीय लिलबहादुरको बाल्य र युवा अवस्था पनि भेडाबाख्रासँगै घुम्ति गोठ लिएर लेक बेशी गरेरै बितेको थियो।

"बुवा आमाले भनेअनुसार मेरो जन्मपनि गोठमै भएको थियो, जीवन पनि गोठमै बित्यो," उहाँले भन्नुभयो "बाबु बाजेका पालादेखि गर्दै आएको भेडाबाख्रा पाल्ने पेशालाई मैलेसम्म धानेको छु।" गत कात्तिकमा ढोरपाटनको बुकीबाट मुनाको झारवाड्मा गोठ झरेका लिलबहादुरले हिउँद त्यही बिताउनुभयो। दुई सयभन्दा बढी घरपरिवारको बसोबास रहेको मुना गाउँमा अहिले लिलबहादुरले मात्रै घुम्ति गोठमा बाख्रा पाल्नुभएको छ। आठ दश वर्षअघिसम्म ४०/५० बाख्रा नहुने घर थिएन्। चार/पाँच घर मिलेर एक जना गोठाला राखेर चरन क्षेत्रमा गोठ लैजाने चलन थियो। पाँच वर्षअघिसम्म एक हजार भेडाबाख्रा पालेका लीलबहादुरले अहिले भेडा सबै बेचिसक्नुभयो। स्थानीय खरि जातका एक सय बाख्रालाई दुई वर्षअघि रु छ लाखमा बेचेका लीलबहादुर हाल भएका बाख्रा बेच्नका लागि पनि ग्राहक खोजेपनि पाउनुभएको छैन्। "गाउँका सबै बाख्रा गोठ मासिए, मैले पनि एक सय ५० मा झारेको छु," लिलबहादुरले भन्नुभयो "छोरानातीले यो पेशा अगालेनन्। विदेशतिर लागे। बाख्रा बेच्न ग्राहक खोजेको छु। पाएको छैन्।" भेडाबाख्रा पालेर लीलबहादुरका दम्पत्तीले १० जना छोराछोरी हुर्काएको र घरव्यवहार चलाएको बताउनुभयो। उहाँले कान्छा छोरा रासबहादुर पुनलाई अस्ट्रेलीया पठाउनुभएको छ। तीन जना घरमै छन्। घरमा भएकामध्य साहिला छोरा पक्षघातका बिरामी छन्। छ जना छोरीको बिहेबारी भइसकेको छ। जवान हुँदा गाउँगाउँमा आएर भारतीय र गोर्खा सैनिकमा भर्ति गराउने चलन रहेपनि भेडागोठमै रमाएका लीलबहादुरलाई लाहुरे सपना देख्नुभएन्। उहाँले वार्षिक १५/२० वटा खसीबोका र १०/१५ वटा माउ बाख्रा बेच्नुहुन्छ। चारदेखि पाँच वर्ष पालेको बोका र खसीलाई रु ३० हजारसम्मा बिक्री गर्नुहुन्छ। खसी मासु र बोका बली चढाउन बिक्री हुन्छ। माउ बाख्रा भने घरमा पाल्नेहरुले किन्छन्। हिउँदमा बेसी झरेको समयमा घरपरिवार र आफन्तसँग भेटघाट भएपनि जेठदेखि असोजसम्म हिमाल फेदीका बुकीको घुम्ति गोठको बसाई कष्टप्रद हुने उहाँले सुनाउनुभयो। हप्तौसम्म झरि पर्दा, भेडाबाख्रा हराउँदा, जङ्गली जनावरले दुःख दिँदा, घर परिवारसँग भेटघाट नहुँदा न्यास्रो लाग्ने गरेको उहाँको अनुभव छ। लेक जाँदा बर्खा यामलाई पुग्ने खाद्यान्न पनि लैजानुपर्छ।

रेडियोमा गित, समाचार सुनेर मनोरञ्जन लिने उहाँलाई पछिल्लो समय मोबाइल फोनको सुविधा भएपछि साँझ, बिहान घरपरिवार, आफन्तसँग हालखबर सोध्न र गफिन सजिलो भएको छ। गोठाला बस्दा हिमालको फेदीमा सुन्दर दृष्य अवलोकन गर्न पाउँदा रमाइलो माने उहाँले चितुवा र ब्वाँसोले भेडाबाख्रालाई आक्रमण गर्ने र मारेर क्षति पुऱ्याउने क्रम बढेको बताउनुभयो। बाख्रालाई जङ्गली जनावरबाट बचाउन र आफ्नो सुरक्षाका लागि लीलबहादुरले भोटे कुकुर पनि पाल्नुभएको छ।

# अपाङ्गता भएका व्यक्तिलाई आयआर्जनसँग जोड्ने उपाय

**पोखरापत्र संवाददाता**
गोरखा, २४ फागुन



गोरखाको धार्चे गाउँपालिकाले भएका व्यक्तिलाई आयआर्जनसँग जोड्दै स्वरोजगार बनाउन मुढा बन्ने तालिम प्रदान गरेको छ। पालिकाले 'ग' र 'घ' वर्गको अपाङ्गता परिचय भएका व्यक्तिलाई छनोट गरेर १० दिने मुढा बुन्ने तालिम दिएको गाउँपालिकाकी उपाध्यक्ष सुनिला गुरुङले जानकारी दिनुभयो।

"अपाङ्गता भएका व्यक्तिले केही गर्न सक्दैनन् भन्ने सोचाइ समाजमा छ", उहाँले भन्नुभयो, "त्यस्तो धारणालाई परिवर्तन गर्दै अपाङ्गता भएका व्यक्तिलाई सीप प्रदान गरेर आत्मनिर्भर बनाउन तालिम दिइएको हो।" गाउँपालिकाले तालिमपछि उनीहरुले उत्पादन गरेका मुढा वडावडामार्फत बजार व्यवस्थापनको पहल गर्ने उपाध्यक्ष गुरुङको भनाइ छ।

तालिममा लाप्राक, खोर्लाबेँसी, हुल्चुक, सिङ्लालगायत विभिन्न क्षेत्रका गरी १५ भन्दा बढीको सहभागिता रहेको थियो। "सामाजिक सुरक्षा भत्ता 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिले पाउँदैनन्", उपाध्यक्ष गुरुङले भन्नुभयो, "उनीहरूलाई केही न केही सीप सिकाउन सके आयआर्जनसँग जोड्न सकिने र आत्मनिर्भर बनाउन सकिन्छ भन्ने पनि हाम्रो विश्वास हो।"

गाउँपालिकाले धादिङबाट अपाङ्गता भएका व्यक्तिलाई नै प्रशिक्षकका रुपमा ल्याएर तालिम प्रदान गरेको हो। पालिकाले आवासीय सुविधासहित सहभागीलाई तालिम दिएको उहाँले बताउनुभयो। "सीप सिकेर मुढा उत्पादन गर्ने चाहानेले आआफ्नो उत्पादन सम्बन्धित वडाका बजारमा बिक्रीका लागि व्यवस्था मिलाइने छ", उपाध्यक्ष गुरुङले भन्नुभयो, "वडाबाट बाहिर पठाउन परे पनि पालिकाले आवश्यक पहल गर्नेछ।" तालिमले अपाङ्गता भएका व्यक्तिलाई घरमै बसेर जीविकोपार्जनसँग जोड्न मद्दत पुग्ने उहाँले बताउनुभयो। धार्चे गाउँपालिकाभित्र प्रसस्त मात्रामा निगालो पाइने भएकाले पनि कम लागतमा मुढा उत्पादन गर्न सकिने हुँदा मेहनत गरे सीप सिकेकाले राम्रो आम्दानी गर्न सक्नेछन्।

# पर्वतको बिहादीमा आँखा उपचार केन्द्र सञ्चालन

**पोखरापत्र संवाददाता**
पर्वत, २४ फागुन

दक्षिण पर्वतको विकट गाउँपालिका बिहादीमा आँखा उपचार केन्द्र स्थापना गरिएको छ।

बिहादी–४ वहाकीठाँटीमा आँखा उपचार केन्द्र सञ्चालन गरिएको हो। हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोग र बिहादी गाउँपालिकाको व्यवस्थापनमा केन्द्र स्थापना गरिएको हो। शुक्रबार केन्द्रको गाउँपालिकाका अध्यक्ष परविन गुरुङले उद्घाटन गर्नुका साथै उपचार सेवासमेत प्रारम्भ भएको छ। जिल्ला सदरमुकाममा रहेको प्रादेशिक अस्पतालमा मात्र सामान्य उपचार सेवा रहेकामा अब गाउँमै सर्वसाधारणले आँखाको उपचार गर्न पाउने भएका छन्। गाउँपालिकाका अध्यक्ष गुरुङले दक्षिण भेगका नागरिकलाई भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले आँखा उपचार केन्द्र स्थापना गरिएको बताउनुभयो। उहाँले बिहादी र पैयूँ गाउँपालिका सँगै गुल्मीका नागरिकले पनि आँखा उपचार केन्द्रबाट सेवा पाउने बताउनुभयो।

"बिहादी गाउँपालिका स्वास्थ्यका दृष्टिकोणले दुर्गम मानिन्छ, यहाँका नागरिकले राम्रो उपचार सेवा लिन पोखरा, पाल्पा वा बुटवल जानुपर्ने बाध्यता छ", अध्यक्ष गुरुङले भन्नुभयो, "अब विस्तारै सबै रोगको उपचार बिहादीमै हुनेगरी हामीले व्यवस्थापनमा लागेका छौं।" उहाँले गाउँपालिकाले सञ्चालन गरेको स्वास्थ्य शिविरमा सबैभन्दा बढी आँखाको बिरामी भेट्टिएकाले पनि आँखा उपचार केन्द्र स्थापना गरिएको बताउनुभयो। गाउँपालिका उपाध्यक्ष मिना शर्मा तिवारीले आँखा उपचार केन्द्र स्थापना भएपछि यहाँका धेरै नागरिकले सेवा प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले आँखासम्बन्धी रोगका धेरै बिरामी लाभान्वित हुने भन्दै आँखाको उपचार गराउन टाढा जानुपर्ने बाध्यता अन्त्य भएको बताउनुभयो। आँखा उपचार केन्द्रमार्फत बिरामी परीक्षण, सामान्य शल्यक्रिया, मोतिया बिन्दुको शल्यक्रिया, चश्मा तथा औषधि वितरण र परामर्श सेवा दिइने भएको छ। गाउँमै यो सेवा उपलब्ध भएपछि जिल्ला बाहिर जानुपर्ने समस्याबाट मुक्त भएको स्थानीय माया शर्माले बताउनुभयो। जिल्लामा सुविधा सम्पन्न आँखा उपचार केन्द्र नहुँदा आँखामा देखिने जटिल समस्या र मोतीयाबिन्दुको शल्यक्रियाका लागि पर्वतवासीले निःशुल्क स्वास्थ्य शिविर कुर्नुपर्ने अवस्था तथा पोखरा वा काठमाडौं नै जानुपर्ने बाध्यता रहेको छ।

# 'प्रभावकारी कानुनले मात्रै विकासलाई सघाउँछ'

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ फागुन

गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धितालले प्रभावकारी कानुनले विकासलाई सघाउने भएकाले कानुन निर्माण प्रक्रियामा मिडिया क्षेत्रबाट पर्याप्त सुझाव आउन आवश्यक रहेको बताउनुभयो।

बागलुङमा शनिबार आयोजित कार्यक्रममा उहाँले गण्डकी प्रदेशसभामा हाल मगर र गुरुङ भाषालाई कामकाजको भाषा बनाउने विषयमा छलफल भइरहेकाले यसमा पनि मिडियाबाट सकारात्मक सुझावको अपेक्षा रहेको बताउनुभयो। "पत्रकार जगत्‌बाट कानुन निर्माणमा पर्याप्त सुझाव आउन सकेको छैन।

भाषाका विषयमा मात्रै होइन, स्थानीय मदिरालाई ब्राण्डिङ गर्ने विधेयक बनाइने सोच छ, यसमा पनि पर्याप्त सुझाव र छलफल आवश्यक छ। त्यसो गर्न सकेमा मात्रै कानुनमा अपनत्व र त्यसले विकासलाई सघाउ पुग्छ", सभामुख धितालले भन्नुभयो। उहाँले सांसदले योजनामा मात्रै नभई कानुन निर्माणमा समेत ध्यान दिन आवश्यक रहेको बताउनुभयो। कानुनी सहजताले मात्रै विकास निर्माणलाई सहज बनाउने भएकाले यसमा ध्यान दिन आवश्यक रहेको सभामुख धितालको भनाइ थियो।

# 'रास्वपाप्रति जनताको आकर्षण बढिरहेको छ'

**पोखरापत्र संवाददाता**
दमौली, २४ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केन्द्रीय उपसभापति डा स्वर्णिम वाग्लेले पछिल्लो समय पार्टीप्रति जनताको आकर्षण बढिरहेको बताउनुभएको छ।

पार्टीको भिमाद नगर समितिको शनिबार आयोजित भेलालाई सम्बोधन गर्दै उहाँले देशभर पार्टीको पक्षमा जनलहर बढेरहेकाले जनताको विश्वास कायम राख्नेगरी काम गर्न सबै नेता, कार्यकर्तालाई आग्रह गर्नुभयो। तल्लो स्तरसम्म पुगेर पार्टीको गतिविधिलाई चलायमान बनाउन आग्रह गर्दै उहाँले सबै मिलेर पार्टीलाई सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो। जनताले पार्टीप्रति गरेको विश्वासलाई डगमगाउन नदिने उहाँको भनाइ छ। पार्टीका जिल्ला संयोजक विश्व बास्तोला र व्यास नगर समितिका सभापति चुडामणि दाहालले जिल्लाका सबै पालिकामा पार्टीको भेलालाई तीव्र पारिएको जानकारी दिनुभयो।

भेलाले नगर समितिको सभापतिमा हरिप्रसाद लम्सालालाई चयन गरेको छ। त्यस्तै, उपसभापतिमा उत्तम सुवेदी, सचिवमा अमृत थापा, सहसचिवमा कमलभक्त गैह्रे, कोषाध्यक्षमा विमला भण्डारी र सदस्यहरूमा सुकुमाया गोतामे, टीकाराम राना र रामु नेपाली चयन हुनुभएको छ।